नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

**सूचनाको हकसम्बन्धी ऐन् २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ वमोजिमसार्वजनिक गरिएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसंग सम्बन्धित सूचनाहरुको प्रकाशन**

सूचना सार्वजनिक गरेको अवधिः- २०७८ श्रावण १ देखि २०७८ आश्विन मसान्तसम्म ।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६४ को नियम ३ वमोजिम सार्वजनिक गरिएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसंग सम्बन्धित सूचनाहरुको प्रकाशन

सूचना सार्वजनिक गरेको अवधिः- २०७८ श्रावण १ देखि २०७८ आश्विन मसान्तसम्म ।

**निकायको स्वरुप र प्रकृतिः**

- विकास समिति ऐन, २०१३ बमोजिम स्थापना भई राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ बमोजिम श्री वन तथा वाताबरण मन्त्रालय तालुक निकाय रहने गरि मन्त्रालयको राष्ट्रिय गौरबको आयोजनाको रुपमा कार्यक्रम संचालन ।

**निकायको काम, कर्तव्य र अधिकारः**

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ र चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ मा भएको व्यवस्था बमोजिम रहेको ।

**निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

- समितिको सचिवालय र समिति अन्तर्गतका कार्यक्रम कार्यान्वयन इकाई ५ समेत गरि कुल कर्मचारी दरबन्दी संख्या १२४ रहेको छ र कार्य विवरण राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ बमोजिम रहेको छ ।

**निकायबाट प्रदान गरिने सेवाः**

- विकास समिति ऐन,२०१३,राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ मा भएको व्यवस्था तथा नेपाल सरकारको प्रचलित ऐन, नियम, निर्देशिका बमोजिम चुरे संरक्षणको कार्य क्षेत्र भित्र रही दिन सक्ने सम्पूर्ण सेवाहरु ।

**सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस समितिको वेबसाइट www.chureboard.gov.np मा उपलब्ध छ ।

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

- यस समितिले प्रदान गर्ने चुरे संरक्षण सम्बन्धि विभिन्न प्रकृतिको सेवा सम्बन्धि विवरण यस समितिको नागरिक बडापत्र र वेबसाइट www.chureboard.gov.np मा राखिएको छ ।

**निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

- यस समितिको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कार्वाहीमा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्दिशका, २०६५ मा व्यवस्था भए अनुसार निर्णय हुने गरेको छ ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

- यस समितबाट उपलब्ध गराईएको सेवा उपर चित्त नबुझेको खण्डमा समितिका सदस्य सचिव डा.महेश्वर ढकाल समक्ष उजुरी गर्न सकिनेछ ।

**सम्पादन गरेको कामको विवरणः**

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ र चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा भएको व्यवस्था बमोजिम र सालवसाली रुपमा यस समितिलाई प्राप्त हुने बजेट सिलिङ्गको परिधि भित्र रही तयार गरिएका कार्यक्रमहरु सम्पादन भइरहेको छ ।

**सूचना अधिकारी र प्रमुखको नाम र पदः**

- सूचना अधिकारी श्री शंकर कुमार गिरी (सहायक वन अधिकृत)
- प्रबक्ता श्री शरद बाबु पगेनी (उप-सचिव)
- प्रमुखको नाम र पदः डा.महेश्वर ढकाल(सदस्य-सचिव)

**ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- यस समितिको कार्य क्षेत्रसंग सम्बन्धित निम्न बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिका रहेका छन्

१. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१

२. वन ऐन, २०७६

३. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

४. वातावरण संरक्षण ऐन, २०७६तथा वातावरण संरक्षण नियमावली, २०७७

५. भ्-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१

६. सार्बजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४

**७.** नेपाल सरकार वाट राजपत्रमा वातावरणीय सम्बन्धी विभिन्न मितिमा प्रकासित मापदण्ड,कार्यविधि तथा निर्देशिकाहरु

**८.** विभिन्न समयमा नेपाल सरकार वाट जारी भएका नीति,कार्यनीति,रणनीति,मार्गदर्शन तथा दिग्दर्शन हरु

**बजेट सम्बन्धी विवरणः**

- चालु आ.व. २०७८/७९ मा यस समितिको लागि बिनियोजन भएको कुल बजेट रकम रु १ अर्ब ५२ करोड ६४ लाख रहेको छ । सम्पूर्ण रुपमा नेपाल सरकारको श्रोतमा समाबेश भइ प्राप्त भएको बजेट तथा कार्यक्रम चालु आ.व.को पहिलो तीन महिनाको अवधिको अन्त्य सम्म यस समितिलाई प्राप्त रु १२ करोड ६६ लाख ९१ हजार बजेट मध्ये रु.२ करोड ३१ लाख ८८ हजार खर्च भइ ५४.९५ प्रतिशत भौतिक र १८.६१ प्रतिशत वित्तीय प्रगति भएको अवस्था छ।

**तोकिए बमोजिमका अन्य विवरणः**

- समितिले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत समितिको वेबसाइटमा अध्यावधिक गर्ने गरिएको ।

**समितिले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**( नीति तथा कार्यक्रमको माइलस्टोन संग सम्बन्धित)

| क्र.सं | प्रमुख क्रियाकलापहरु | आषाढ सम्मको प्रगति |
|---|---|---|
| १ | विरुवा उत्पादन/खरिद (१ करोड ५० लाख ) तथा वृक्षारोपण | २ लाख ३५ हजार विरुवा उत्पादन कार्यको लक्ष्य रहेको र सो को लागि स्थान छनोट भइ नर्सरी बेडमा बीउ छर्ने कार्य जारी रहेको । |
| २ | कृषि वन प्रवर्धन कार्यक्रम (१८१ हेक्टर) | यस अवधिमा १७ हेक्टर स्थान र प्रजाति छनौटको कार्यक्रम रहेकोमा कृषि वन प्रवर्धनको लागि ६.४ हेक्टर स्थान छनोट भएको। |
| ३ | पोखरी निर्माण (२६२ वटा) | ६८ वटाको संरचना निर्माण/ प्रवर्धन गर्ने लक्ष्य रहेकोमा १८ वटा स्थान छनोट भइ ३ स्थानको लागत अनुमान तयार भएको । |
| ४ | चुरे क्षेत्रका अति संबेदनसिल क्षेत्रमा तारबार सहित पुनरुत्पादन संरक्षण तथा व्यबस्थापन (३३ हेक्टर) | ३३ हेक्टर पुनरुत्पादन संरक्षण तथा व्यबस्थापन गर्ने लक्ष्य रहेकोमा यस अवधिमा ३ हेक्टर स्थान छनोट भएको। |
| ५ | क्षतिग्रस्त भूमि पुनरुत्थान तथा अन्य संरक्षण (९५ हेक्टर) | ९५ हेक्टर स्थान छनोट तथा लागत अनुमान तयार भएको । |
| ६ | गल्छी, पहिरो, खहरे रोकथाम (१७२ वटा) | २४ वटा स्थान छनोट भएको, ५ वटाको ल.ई. तयार भएको,१ वटाको संरचना निर्माण भएको । |
| ७ | नदी तथा खोला किनारा स्थिरिकरण/व्यस्थापन (स्पर, डाइक, बायो इन्जिनियरिंग समेत) (३०.९७ कि.मि.) | २.८६५ कि.मि. स्थान छनोट तथा ०.११५ कि.मि. सर्वे डीजाइन भएको । |

**सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः**

- सूचना वर्गीकरण गरिएको अवस्था नभएको,उपलब्ध र संग्रहित सूचनाहरुको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

**सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएकोः**

- यस अवधिमा सूचना मागको लागि कुनै निवेदन प्राप्त नभएको, कुनै उजुरी दर्ता नभएको र कुनै गुनासो समेत नआएको। समय समयमा प्रेस कन्फरेन्स तथा छलफल,गोष्ठी जस्ता कार्यक्रम गरि चुरे संरक्षण सम्बन्धि भइ रहेका गतिबिधि तथा क्रियाकलापहरु लाई आमसंचारका माध्यमवाट समय समयमा जनमानसमा सम्प्रेसण गर्ने गरिएको ।

**सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

- समितिबाट भए गरेका कार्यहरुको वार्षिक विवरणहरु पुस्तकको रुपमा समेत प्रकाशित गरि समितिको वेबसाइटमा राखिने गरिएको, अन्य विवरणहरु अनुकुल समयमा अध्यावधिक गरि वेबसाइटमा अपलोड गरि सरोकारवाला र अन्य निकायमा समेत निरन्तर सूचना प्रवाह गर्ने गरिएको ।